# भाग ४

श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह भुटान सरकारसँग सम्पर्क र सम्वादको प्रक्रिया जारी राख्ने सिलसिलामा भुटानको राजधानी थिम्पुतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४९।५।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह सम्माननीय प्रधानमन्त्रीले नेतृत्व गर्नु भएको दशौं असंलग्न शिखर सम्मेलनको लागि नेपाली प्रतिनिधिमण्डलमा समावेश भई इण्डोनेशियातर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती विन्देश्वरी शाहलाई मिति २०४९।५।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री बलरामसिंह मल्ल न्यायसम्बन्धी कार्यक्रमको अध्ययन भ्रमणमा पाकिस्तान, थाइल्याण्ड र दक्षिण कोरियातर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही मन्त्रालयका सह-सचिव श्री जीतबहादुर कार्कीलाई मिति २०४९।५।२८ देखि कायम मुकायम मुकरर गरेको छ ।



300

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री भुवनेशकुमार प्रधान मलेशियाको राजधानी क्वालालम्पुरमा हुने एशिया तथा प्रशान्त क्षेत्रीय विकाश केन्द्र (ए.पी.डी.सी.) को साधारण परिषद्को आठौं साधारण सभामा भाग लिन त्यस तर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को उपनियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही सचिवालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४९।५।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, जुम्लाका का.मु.प्र.जि.अ. श्री बद्रीबहादुर कार्की मिति २०४९।३।२८ गतेदेखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री मुरारीप्रसाद शर्मालाई मिति २०४९।३।२४ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, वाग्लुङका प्र.जि.अ. श्री लक्ष्मीप्रसाद भट्टराई मिति २०४९।३।३० देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि.,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री शेषकान्त शर्मालाई मिति २०४९।३।२९ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीका प्र.जि.अ., श्री रामप्रसाद शर्मा मिति २०४९।२।३२ देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री दामोदर पन्तलाई मिति २०४९।२।३० को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, धादिङका प्र.जि.अ. श्री टिकाराम अर्याल मिति २०४९।४।१ देखि घरबिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री किरणप्रसाद शिवाकोटीलाई मिति २०४९।३।२९ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना ५

श्री ५ को सरकारको मिति २०४९।४।१ को निर्णयानुसार श्री मोहनप्रसाद वाग्लेलाई गृ.मं. वा अन्तर्गतको रा.प.तृ. श्रेणीबाट प्र.अ., जि.प्र.का. ताप्लेजुङमा पदस्थापन गरेको छ।

## सूचना ६

श्री ५ को सरकारको मिति २०४९।३।१२ को निर्णयले रा.प. द्वितीय श्रेणी, सहायक सचिवस्तरका गृह मन्त्रालयका अधिकृत श्री भुवनेश्वर जोशीलाई रा.प. द्वितीय श्रेणी, उपसचिव पदमा का.मु. मुकरर गरी जिल्ला प्रशासन कार्यालय पर्वतको प्रमुख जिल्ला अधिकारी तोकेको छ।



३५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ७

श्री ५ को सरकारको मिति २०४६।३।१७ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, महोत्तरीका प्र.जि.अ. श्री वासुदेव खनाल मिति ०४६।३।१६ देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि, २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी उक्त प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ. श्री श्यामकिशोर मल्लिकलाई उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी का.मु. मुकरर गरेको छ ।

## सूचना ८

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाका प्रमुख जिल्ला अधिकारी श्री रामेश्वर देवकोटा मिति २०४६।३।१६ देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री सुन्दरराज अर्याललाई उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी मिति २०४६।३।१५ को निर्णय अनुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, डोल्पाका का.मु.प्र.जि.अ. श्री मानदेव वडु मिति २०४६।३।५ देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री केदारमणि अर्याललाई उहाँ बिदा बस्नु भएकै मितिदेखि लागू हुने गरी मिति २०४६।३।१ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सिराहाका प्र.जि.अ. श्री शिवप्रसाद शर्मा मिति २०४६।४।१ देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सप्तरीका व.प्र.अ. श्री दयाराम शर्मालाई मिति २०४६।३।३१ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, मनाङका प्र. जि. अ., श्री सुवर्णलाल श्रेष्ठ मिति २०४९।४।४ देखि घरबिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री प्रेमनारायण शर्मालाई मिति २०४९।३।३१ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना १२

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, मोरङका प्र.जि.अ. श्री खेमराज रेग्मी मिति २०४९।३।१८ गतेदेखि मन्त्रालयमा काजमा आउनु हुने भएको हुँदा उहाँले जिल्ला छाडेको मितिदेखि फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ. श्री नरेन्द्र दाहाललाई मिति २०४९।३।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना १३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सप्तरीका प्र.जि.अ. श्री प्रेमकुमार वान्तवा मिति २०४९।३।२१ गतेदेखि मन्त्रालयमा काजमा आउनु हुने भएकोले उहाँले जिल्ला छाडेको मितिदेखि फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो.प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ. श्री दयाराम शर्मालाई मिति २०४९।३।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना १४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बांकेका प्र.जि.अ. श्रीमती उषा नेपाल मिति २०४९।३।२० गतेदेखि मन्त्रालयमा काजमा आउनु भएको हुँदा उहाँले जिल्ला छाडेको मितिदेखि फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो.प्र.जि.अ. पदमा सोही कार्यालयका व.प्र.अ.. श्री नारायणगोपाल मलेगोलाई मिति २०४९।३।१८ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय गुल्मीका प्र. जि. अ. श्री पद्मराज रेग्मी २०४९।४।५ गतेदेखि बिदामा बस्नु हुने भएकोले उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री डोलेन्द्रराज सापकोटालाई मिति २०४९।४।१ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना १६

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, दार्चुलाका प्र. जि. अ. श्री देवीप्रसाद ओझा मिति २०४९।४।११ देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र. अ. श्री ताराप्रसाद भट्टराईलाई मिति २०४९।४।७ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना १७

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, कास्कीका का. मु. प्र. जि. अ. श्री रामप्रसाद खतिवडा मिति २०४९।४।७ देखि मन्त्रालय आउन काज स्वीकृत भएकोले उहाँ काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका ब. प्र. अ. श्री रूद्रकुमार श्रेष्ठलाई मिति २०४९।४।५ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

## सूचना १८

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, रामेछापका प्र. जि. अ. श्री हेमराज सापकोटा मिति २०४९।४।११ गतेदेखि मन्त्रालयमा आउन काज स्वीकृत भएकोले उहाँ काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री खड्गराज शर्मालाई सोही मितिदेखि नै लागू हुने गरी मिति २०४९।४।९ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना १९

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, गोरखाका प्र.जि.अ. श्री भरतमणि रिसाल मिति २०४६।४।११ गतेदेखि मन्त्रालयमा आउन काज स्वीकृत भएकोले उहाँ काजबाट फर्की हाजिर नभएसम्मको लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्र. अ. श्री चिरञ्जीवी सिग्देललाई सोही मितिदेखि नै लागू हुने गरी मिति २०४६।४।८ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना २०

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सुनसरीका का.मु.प्र.जि.अ. श्री विजयराज भट्टराई मिति २०४६।४।१८ गतेदेखि मन्त्रालयमा काजमा आउनु भएको हुँदा उहाँ काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा जिल्ला प्रशासन कार्यालय, मोरङ्गका व.प्र.अ. श्री नरेन्द्र दाहाललाई मिति २०४६।४।१४ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना २१

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय अछामका प्र. जि. अ. श्री कमलप्रसाद लालकर्ण मिति २०४६।४।१८ गतेदेखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री राजेन्द्रराज अधिकारीलाई सोही मितिदेखि नै लागू हुने गरी मिति २०४६।४।७ को निर्णयानुसार का. मु. मुकरर गरेको छ।

## सूचना २२

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुका का.मु.प्र.जि.अ. श्री मोदराज डोटेलले मिति २०४६।४।१० गतेदेखि बिदामा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री केदार न्यौपानेलाई मिति २०४६।५।१५ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।



३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २३

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, स्याङ्जाका प्र. जि. अ. श्री रामरतन मिश्र मिति २०४९।४।३० देखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री क्षेत्रबहादुर भण्डारीलाई मिति २०४९।४।३० को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना २४

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बझाङका प्र. जि. अ. श्री ध्रुवप्रसाद घिमिरे २०४९।५।२ देखि मन्त्रालयमा काज आउन स्वीकृत भएकोले उहाँ काज आई फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र. जि अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र. अ. श्री राजेन्द्रप्रसाद घिमिरेलाई मिति २०४९।४।२३ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना २५

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बर्दियाका प्र.जि.अ. श्री भोला सिलवाल मिति २०४९।४।२८ गतेदेखि बिदा बस्नु भएकोले उहाँ बिदा बसी फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि.,२०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री सिताराम पोखरेललाई मिति २०४९।४।२३ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।

## सूचना २६

श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका प्र.जि.अ. श्री चन्द्रबहादुर कार्की मिति २०४९।४।१३ देखि मन्त्रालय काज आउन स्वीकृत भएकोले उहाँ काजबाट फर्की कार्यालयमा हाजिर नभएसम्मका लागि उक्त प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम १ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री विरेन्द्रमान अमात्यलाई मिति २०४९।४।१२ को निर्णयानुसार का.मु. मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २७

श्री ५ को सरकारको मिति २०४९।४।२५ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम पदाधिकार कायम गरी सरुवा गरिएको छ ।

| सि.नं. | नाम | साबिक पद तथा कार्यालय | पदस्थापना भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री योगराज पाण्डे | रा.प.तृ.श्रेणी, गृह मन्त्रालय वा अन्तरगत । | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, दार्चुला। |
| २. | श्री हरिहर बाहाल | " " | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु |
| ३. | श्री शैलेन्द्र सापकोटा | शाखा अधिकृत, इलाका प्रशासन शाखा, मझगावा रूपन्देही | शाखा अधिकृत, इलाका प्रशासन शाखा, कटहरिया, रौतहट |
| ४. | श्री जीवनप्रसाद ओली | शाखा अधिकृत, इलाका प्रशासन शाखा, शरणामति, झापा | शाखा अधिकृत, इलाका प्रशासन शाखा, डुमरियामटिऔन, रौतहट |
| ५. | श्री चिरन्जीवी भण्डारी | शाखा अधिकृत, जिल्ला प्रशासन कार्यालय, सल्यान । | शाखा अधिकृत, इलाका प्रशासन शाखा, कावासोती, नवलपरासी । |

## सूचना २८

श्री ५ को सरकारको मिति २०४९।४।२५ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| सि.नं | नाम | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री ताराप्रसाद भट्टराई | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, दार्चुला | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, सल्यान |
| २. | श्री गोपालजी श्रेष्ठ | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु । | शाखा अधिकृत, प्रहरी किताबखाना । |



३५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २९

श्री ५ को सरकारको मिति २०४९।४।१४ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि.नं. | नाम | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री उद्धवबहादुर थापा | शाखा अधिकृत, सीमा प्रशासन शाखा, सिर्दिवास, गोरखा | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक |
| २. | श्री नूतनराज चापागाईं | शाखा अधिकृत, सीमा प्रशासन शाखा, ओलाङचुङगोला, ताप्लेजुङ । | शाखा अधिकृत, सीमा प्रशासन शाखा, हटीयागोला, संखुवासभा । |

## सूचना ३०

श्री ५ को सरकारको मिति २०४९।४।११ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि.नं. | नाम | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री गिरीन्द्रराज घिमिरे | शाखा अधिकृत, गृह मन्त्रालय । | शाखा अधिकृत, कारागार शाखा, काठमाडौं । |
| २. | श्री बुद्धिराज घिमिरे | शाखा अधिकृत, कारागार शाखा, काठमाडौं । | शाखा अधिकृत, गृह मन्त्रालय । |

## सूचना ३१

श्री ५ को सरकारले मिति २०४९।३।३० को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि. नं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री राममणि रिसाल | रा.प. द्वि. श्रेणी (उप सचिवस्तर) गृह मन्त्रालय । | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मुगु । |
| २. | श्री पूर्णबहादुर अधिकारी | व.प्र.अ., जि.प्र.का., रूपन्देही । | व.प्र.अ., जि.प्र.का., ललितपुर । |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. श्री नरपति सिंह | व.प्र.अ., जि.प्र.का., ललितपुर। | व.प्र.अ., जि.प्र.का. सुनसरी। |
| ४. श्री बाबुराम लामिछाने | प्र.अ., जि.प्र.का., स्याङ्जा। | शा.अ., इलाका प्रशासन शाखा, लमही, दाङ। |
| ५. श्री मनोहर रेग्मी | प्र.अ., जि.प्र.का., भक्तपुर। | शा.अ., गृह मन्त्रालय। |
| ६. श्री शिवप्रसाद नेपाल | शा.अ., इलाका प्रशासन शाखा लमही, दाङ। | प्र.अ., जि.प्र.का., स्याङ्जा। |
| ७. श्री हरिश्चन्द्र पोखरेल | शा.अ., इलाका प्रशासन शाखा, रंगेली, मोरङ। | प्र.अ., जि.प्र.का. भक्तपुर। |
| ८. श्री विश्वनाथ उप्रेती | शा.अ., गृह मन्त्रालय। | शा.अ., कारागार शाखा, पर्सा, बीरगञ्ज। |

## सूचना ३२

श्री ५ को सरकारको मिति २०४९।४।६ को निर्णयानुसार मिति २०४९।१।२ गतेदेखि लागू हुने गरी देहायका अधिकृतहरूको देहायबमोजिम पदाधिकार कायम गरेको छ।

| सि.नं. | नाम, थर | साबिक पद तथा कार्यालय | पदाधिकार कायम गरिएको पद कार्यालय |
|---|---|---|---|
| १ | श्री चेतनारायण घिमिरे | शा.अ., इलाका प्रशासन शाखा, दुहबी धनुषा। | शा.अ., इलाका प्रशासन शाखा, मोतीपुर, बर्दिया। |
| २ | श्री टेकदत्त भट्टराई | शा.अ., इलाका प्रशासन शाखा, वनी मानी, झापा। | शा.अ., इलाका प्रशासन शाखा, कैलाली। |

आज्ञाले,
महेश्वर शर्मा
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

खण्ड ४१ अतिरिक्ताङ्क ७३ (क+२) मिति २०४८।१२।३० नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको नेपाल अधिराज्यका नगरपालिका र गाउँ विकास समितिको क्षेत्र निर्धारण सम्बन्धी सूचनामा देहायबमोजिम भूल हुन गएको हुँदा देहायबमोजिम भूलसुधार गरीएको छ।

पेज ५ को १६ औं हरफमा "भनि मण्डल" हुनु पर्नेमा "मनि मण्डल" हुन गएको।

पेज ६ को १५ औं हरफमा "चापागाउँ" हुनु पर्नेमा "थापा गाउँ" भएको। २३ पेजको हरफ ४ मा "पिपरिया पोखरिया" हुनु पर्नेमा "पिपरा पोखरा" भएको।

पेज २८ को हरफ १७ मा "तिम्बुल ध्याङगुल" हुनु पर्नेमा तिम्बुल भ्याङगुल" भएको।

पेज २९ को २२ हरफमा "भाझकोट" हुनु पर्नेमा "भाझकोट" भएको।

पेज ३० को २६ हरफमा "देउलीबास" हुनु पर्नेमा "ब्याउलीवास" भएको।

पेज ३१ को ५ औं हरफमा "बिसिले धारी" हुनु पर्नेमा "सिसिदो धारी" भएको।

पेज ३३ को ८ औं हरफमा "फेके" हुनु पर्नेमा "कचस्व" भएको।

पेज ३४ को २५ औं हरफमा "माझ पट्टि" हुनु पर्नेमा "माझ सट्टि" भएको।

पेज ३४ को २७ हरफमा "क्रिस्ती नाच्ने चौर" हुनुपर्नेमा "क्रिस्ती नासचे चौर" भएको

पेज ३५ को ५ हरफमा "बमाझी खोला" हुनुपर्नेमा" वगादी खोला" भएको।

पेज ४४ मा दैलेख पछि "सुर्खेत जिल्ला-सम्पूर्ण गा. वि. क्षेत्र साबिक बमोजिम" राख्न पर्नेमा छुट भएको।

स्थानीय विकास मन्त्रालय।

## भूलसुधार

खण्ड ४२ संख्या १८ मिति २०४९।४।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित आयकर (पहिलो संशोधन) नियमावली, २०४९ को नियम ९ (मूल नियम १५ क.) को खण्ड (ख) मा "दफा ३३" हुनु पर्नेमा "दफा ३२" हुन गएको, नियम १४ (मूल नियम २६) को उपनियम (४) को पहिलो हरफमा "आयकर" हुनु पर्नेमा "आकयर" हुन गएको र दोस्रो हरफमा "बैठकमा" हुनु पर्नेमा "वठकमा" हुन गएको, अनुसूची- ५ को सि. नं. ५ पछिको सि. नं. २ मा "सेड र होटल" हुनु पर्नेमा "बेड र होटल" हुन गएको र अनुसूची- ६ मा साना करदाता आयकर निर्धारण समिति पछि ठेगाना खाली हुनु पर्नेमा "काठमाडौं" हुन गएकोले भूलसुधार गरिएको छ।

अर्थ मन्त्रालय।



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

409

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

409

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।